परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : ५२ पष्ठ ४ २०८२ मंसिर २७ गते, शनिबार 13 December, 2025 मूल्य रु. ५/–

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

## भागबण्डा खेलमा पटक पटक मन्त्रालय टुक्रयाइयो

टक नेपाल

**जनकपुरधाम ।** मधेश प्रदेश स्थापनाकालदेखि नै गठबन्धनका सरकार रहेका कारण भागबण्डा मिलाउन पटक पटक मन्त्रालय टुक्रयाउँदै आइएको छ ।

सातवटा मन्त्रालयबाट गठित मधेशका मन्त्रालयहरु टुक्रयाएर अहिले मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसहित १२ वटा बनाइएको छ । जति पटक सरकारमा दलहरुको सहभागितामा बढोतरी हुँदै त्यति पटक मन्त्रालय टुक्रयाएर संख्या बढाउँदै गएको देखिन्छ ।

तात्कालिन प्रदेश नं. २ स्थापना हुँदा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, सामाजिक विकास मन्त्रालय र भौतिक पूर्वाधार विकास मन्त्रालय सहितका गठन भएका थिए । तर, सरकार परिवर्तनसँगै दलहरूबीचको भागबन्डा मिलाउन मन्त्रालय फुटाएर हाल मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, वन तथा वातावरण, अर्थ, उद्योग, वाणिज्य तथा पर्यटन, शिक्षा तथा संस्कृति, खेलकुद तथा समाज कल्याण, ऊर्जा, सिचाई तथा खानेपानी, स्वास्थ्य तथा जनसंख्या, भूमि, व्यवस्था तथा सहकारी, गृह, संचार तथा कानून, श्रम तथा रोजगार र भौतिक पूर्वाधार विकास सहितका १२ वटा मन्त्रालय बनाइएको छ । संघीय प्रशासन पुनःसंरचना समितिको प्रतिवेदन, २०७४ ले सबै प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयसहित प्रदेश मन्त्रालयको संख्या सात वटा हुनुपर्ने सिफारिस गरेको थियो । तर, संविधानमा प्रदेशसभा सदस्य संख्याको २० प्रतिशतभन्दा बढी नहुने गरी मन्त्री बनाउन भनिएको कुराको फाइदा उठाउँदै मधेश लगायत अन्य प्रदेशले पनि दलीय भागबन्डा मिलाउन मन्त्रालयको संख्यामा फेरबदल गर्दै टुक्रयाउँदै आएको छ । मधेश प्रदेशमा पहिलोपटक जसपा नेपालबाट मुख्यमन्त्री बनेका लालबाबु राउतको कार्यकालमा २०७८ सालमा मन्त्रालय विभाजन गरिएको थियो । कांग्रेस



र माओवादी केन्द्रलाई सरकारमा सहभागी गराउन सामाजिक विकास मन्त्रालयलाई टुर्क्याएर महिला तथा बालबालिका र युवा तथा खेलकुद मन्त्रालय निर्माण गरी ७ वटाबाट ८ वटा मन्त्रालय बनाइएको थियो । सोही बेला आर्थिक मामिला तथा योजना मन्त्रालयको नाम पनि परिवर्तन गरी अर्थ मन्त्रालय बनाइयो । सरकार टिकाउन भागवण्डा मिलाउन सोही वर्ष सरकारमा नेकपा (एकीकृत समाजवादी) सहभागी हुँदा फेरि मन्त्रालय विभाजन गरेर संख्या ११ पुरयाइयो ।

त्यस बेला सामाजिक विकास मन्त्रालय, उद्योग, पर्यटन तथा वन मन्त्रालय र भौतिक पूर्वाधार विकास मन्त्रालय टुर्क्याइएको थियो । त्यस बेला सामाजिक विकास मन्त्रालयबाट शिक्षा तथा संस्कृति मन्त्रालय, उद्योग, पर्यटन तथा वन मन्त्रालयबाट छुट्टै वाणिज्य मन्त्रालय र भौतिक पूर्वाधार विकास मन्त्रालयबाट ऊर्जा, सिचाई तथा खानेपानी मन्त्रालय बनाइएको थियो । मधेस प्रदेशसभाको दोस्रो कार्यकालको सुरुआतसँगै पुस २०७९ मा मुख्यमन्त्री बनेका जसपा नेपालका सरोजकुमार यादवले गठबन्धनका दलहरूबीच भागबन्डा मिलाउन पुनः मन्त्रालयहरू टुक्रायाए । उनले गृह, सञ्चार तथा कानून मन्त्रालयबाट कानून, न्याय तथा प्रदेश सभा मामिला मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालयबाट मन्त्रालयबाट श्रम तथा यातायात मन्त्रालय नयाँ मन्त्रालय बनाए भने उद्योग, पर्यटन तथा वन मन्त्रालयलाई विभाजन गर्दै थप वन तथा वातावरण मन्त्रालय बनाए ।पछि कानून मन्त्रालयलाई पुनः गृह मन्त्रालयमै गाभियो । उनको कार्यकालमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्सहित गृह सञ्चार तथा कानुन मन्त्रालय, अर्थ मन्त्रालय, खेलकुद तथा समाज कल्याण मन्त्रालय, शिक्षा तथा संस्कृति मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, ऊर्जा सिँचाइ तथा खानेपानी मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा पर्यटन मन्त्रालय, श्रम तथा यातायात मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय बनाए । महालेखापरीक्षकको कार्यालयको ६२ औँ वार्षिक प्रतिवेदनमा पटक पटक मन्त्रालयका कार्यक्षेत्रमा भएको फेरबदलले प्रशासनिक क्षेत्र, जनशक्ति व्यवस्था, भौतिक पूर्वाधार कार्यसम्पादन, एकीकृत वित्तीय विवरण तयारी, जिम्मेवारी र जवाफदेहीमा समस्या देखिएको औँल्याइएको छ । मधेस प्रदेश सरकार कार्यविभाजन नियमावली, २०८० मा प्रदेश निजामती तथा अन्य सरकारी कर्मचारीको अभिलेख र व्यवस्थाको कार्य मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट हुने व्यवस्था छ । कार्यालयबाट प्राप्त वितरणअनुसार प्रदेशअन्तर्गत चार हजार १०१ दरबन्दी रहेकामा हाल एक हजार ६५९ पदपूर्ति भई दुई हजार ४४२ पद रिक्त छन्। प्रदेश लेखा नियन्त्रण कार्यालयबाट प्राप्त एकीकृत वित्तीय विवरणअनुसार कर्मचारीको तलब, भत्तालगायत पारिश्रमिकमा एक अर्ब ७८ करोड ६२ लाख रुपैयाँ खर्च हुँदै आएको छ ।

## राजविराजको करदाता कार्यालय खारेज नहुने



टक नेपाल

सप्तरीको राजविराजस्थित करदाता सेवा कार्यालय तत्काल खारेज हुने निर्णय रोकिने भएको छ ।

मधेश प्रदेश सरकारका अर्थमन्त्री महेश प्रसाद यादवले संघीय अर्थमन्त्री रामेश्वर खनाललाई ध्यानाकर्षण पत्र बुझाउँदै खारेज नगर्न आग्रह गरेको छ । गत कार्तिक १७ गतेको नेपाल सरकारको मन्त्रिपरिषद्को निर्णयअनुसार देशभरका करदाता सेवा कार्यालय खारेज गरिने निर्णय भएपछि सप्तरीका उद्योगी-व्यवसायी आन्दोलित भएका थिए । ७२ हजारभन्दा बढी करदातालाई कर तिर्न वा सम्बन्धी कामका लागि लहानसम्म जानुपर्ने समस्या उत्पन्न प्रदेश अर्थमन्त्री यादवले संघीय अर्थमन्त्री खनालसँग ध्यानाकर्षण पत्र बुझाउँदै तत्काल निर्णय पुनर्विचार गराउन आग्रह गरेका हुन् । मन्त्री यादवले राजविराजमा कार्यालय सञ्चालनका लागि जग्गा, प्रशासकीय भवन र पूर्वाधार उपलब्ध रहेको र त्यहाँका करदातालाई पनि लहान पुग्न निकै समस्या हुने विषय अघि सारेपछि तत्काल सो निर्णय रोकिने भएको छ । संघीय अर्थमन्त्री खनालले मन्त्री यादवको माग सकारात्मक लिँदै तत्काल खारेज नगर्ने प्रतिबद्धता जनाएको मन्त्री यादवले जानकारी दिएका छन् । यसअघि सगरमाथा अञ्चलको सदरमुकाम रहँदा राजविराजमै कर कार्यालय थियो । पछि सो कार्यालय लहान सारिएको थियो। स्थानीय उद्योगी व्यवसायी, राजनीतिकर्मी लगायतका व्यक्तिहरुको लामो समयको पहलपछि करदाता सेवा कार्यालय २०७५ सालमा राजविराजमा स्थापना भएको थियो । स्थानीय उद्योगी व्यवसायीहरूले गत असोज २१ गतेदेखि जिल्लामा आन्दोलित भएपछि अर्थमन्त्रिमा नियुक्त हुँदै यादव काठमाडौं पुगेर यस विषयमा अग्रसरता लिएका छन् । राजविराजस्थित करदाता सेवा कार्यालय तत्काल यहीँ रहिरहने मन्त्री यादवले बताएका छन् । ‘अब राजविराजमै कर कार्यालय स्थापनाको विषयमा अर्थमन्त्रीज्यूसँग छलफल भएको छ, मन्त्री यादवले भने,-सो सम्बन्धमा केही दिनभित्र सरोकारवालासँग बृहत छलफल गरी औपचारिक प्रक्रिया अघि बढाइनेछ ।







vianet
अब सबै connected

टक नेपाल
Talk Nepal National Daily राष्ट्रिय दैनिक

## सम्पादकीय

# जेन-जी आन्दोलनलाई मान्यता दिने सम्झौता

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिएको ९३ औं दिन र सुशीला कार्की प्रधानमन्त्रीमा नियुक्त भएको ९० औं दिनमा जेन-जी आन्दोलनको उपलब्धि दस्तावेजीकरण भएको छ। तीन महिनाअघिको जेन-जी विद्रोहलाई बुधबार सिंहदरबारमा भएको सम्झौताले 'जनआन्दोलन' को रूपमा स्वीकार गरेको छ।

यसले जेन-जी आन्दोलनसँग जोडिएको आधिकारिक दस्तावेजको मागलाई समेत पूर्ति गरेको छ। मुख्यतः जेन-जी आन्दोलनले सम्मानजनक अभिलेख प्राप्त गरेको छ।

आन्दोलनकारी स्वयंको सिफारिसमा नियुक्त प्रधानमन्त्रीले नेतृत्व गरेको सरकारसँग आन्दोलनकारीकै सहमति भएकाले यो सहमति अलपत्र पर्ने छैन भन्ने अपेक्षा गर्न सकिन्छ। सम्झौताको कार्यान्वयनका लागि सबै पक्ष इमानदार र प्रतिबद्ध हुनुपर्छ, एक-अर्कालाई सहजीकरण गर्नुपर्छ।

सुशासनको पक्षमा र सामाजिक सञ्जालमा लगाइएको प्रतिबन्धको विपक्षमा २३ भदौमा जेन-जीले आन्दोलन आह्वान गरेका थिए। तर आन्दोलनमा सरकारले तीव्र दमन गरेको थियो, त्यो दिन राज्यले गरेको बल प्रयोगले २२ जनाको मृत्यु भएको थियो।

भोलिपल्ट भएको प्रदर्शनमा भने आगजनी, तोडफोड र लुटपाटसमेत भएको थियो। तीन दिनसम्म मुलुक सरकारविहीन भएपछि २७ भदौमा पूर्वप्रधानन्यायाधीश सुशीला कार्की प्रधानमन्त्री बनेकी थिइन्। उनकै सिफारिसमा तत्कालीन प्रतिनिधिसभा विघटन भई २१ फागुनका लागि निर्वाचनको मिति तोकिएको हो। तर बुधबार आन्दोलनलाई मान्यता दिने गरी दस्तावेजीकरण भएको छ। २००७ सालको क्रान्तिले १०४ वर्षे लामो राणा शासन ढालेको थियो। ७ फागुन २००७ मा राजा त्रिभुवनबाट भएको शाही घोषणालाई तत्कालीन परिस्थितिमा प्रजातान्त्रिक शासन व्यवस्थाको घोषणापत्र मान्न सकिन्छ। २०४६ को जनआन्दोलनले तीन दशक लामो पञ्चायतलाई ढाल्दै बहुदलीय प्रतिस्पर्धायुक्त शासनलाई सुनिश्चित गरेको थियो।

ज्ञानेन्द्रको अधिनायकवादी शासन ढाल्ने २०६२/६३ को जनआन्दोलनलाई पनि ११ वैशाख २०६३ को शाही सम्बोधनले विश्राम दिएको थियो, जहाँ प्रतिनिधिसभा पुनःस्थापित गरिएको उल्लेख थियो। यसका अतिरिक्त माओवादीको सशस्त्र विद्रोह, मधेश विद्रोह, विभिन्न क्षेत्र, समुदाय र जातजातिको आन्दोलनलाई विश्राम दिन लिखित सम्झौता भएका थिए। जेन-जी आन्दोलनलाई जोड्ने लिखित दस्तावेज तीन महिनापछि भए पनि तयार भएको छ। सम्झौताको प्रस्तावनामै विगतका संघर्ष र त्यसका उपलब्धिलाई विशिष्ट महत्त्व दिइएको छ। जसमा संघीय लोकतान्त्रिक गणतन्त्र, धर्मनिरपेक्षता, समावेशी राज्य प्रणालीदेखि संविधानको सान्दर्भिकता र वैधतालाई आत्मसात् गरिएको छ।

त्यस्तै, वर्गीय, जातीय, लैंगिक तथा यौनिक असमानता, गरिबी, सीमान्तीकरण एवम् बहिष्करण अन्त्य गर्ने दृढ संकल्प प्रस्तुत गरिएको छ। यसमार्फत जेन-जीले विगतको राजनीतिक, सामाजिक संघर्षका उपलब्धिको जगमा टेक्दै र सकारात्मक परिवर्तनका लागि प्रयत्न गर्ने परिपक्व छवि प्रस्तुत गरेका छन्।

नवीन पुस्ताले देखाएको बृहत् राजनीतिक सुझबुझ प्रशंसनीय छ। सम्झौतामा सहिद तथा घाइते परिवारको परिपूरण, आन्दोलनका घटनाको निष्पक्ष छानबिन, राजनीतिक तथा नीतिगत भ्रष्टाचार नियन्त्रण, सार्वजनिक संस्थाहरूको दलीयकरण र दलीय भागबन्डाका आधारमा नियुक्ति गरिने प्रचलनको अन्त्य गर्ने विषय उल्लेख छन्।

सम्झौतामा स्वतन्त्र, निष्पक्ष, शान्तिपूर्ण र भयरहित निर्वाचनको सुनिश्चितताको विषय पनि उल्लेख छ। त्यसका लागि कानुनी, प्राविधिक तथा संस्थागत पूर्वाधार विकास गरी कार्यान्वयन गर्ने उल्लेख छ।




# जनसंख्याका आधारमा समावेशी प्रतिनिधित्व गराउन समिति गठन

टक नेपाल

निर्वाचन आयोगले जनसङ्ख्याका आधारमा समानुपातिक तर्फको प्रतिशत निर्धारणको प्रक्रिया अगाडि बढाएको छ। प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र, २०७४ ले गरेको व्यवस्था बमोजिम दलित, आदिवासी, जनजाति, खस आर्य, मधेशी, थारू, मुस्लिम समूहका लागि प्रतिशत निर्धारण गर्न लागिएको हो। जनसङ्ख्याका आधारमा समावेशी समूहको प्रतिनिधित्व गराउने सन्दर्भमा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सहसचिव सुभाषकुमार भट्टराईको संयोजकत्वमा निर्वाचन आयोग, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र राष्ट्रिय तथ्याङ्क कार्यालयका प्रतिनिधि रहेको ६ सदस्यीय समिति गठन गरिएको छ।

समितिले राष्ट्रिय जनगणनाका आधारमा समावेशी आधार प्रतिशत तय गरी तीन दिनभित्र प्रतिवेदन पेस गर्ने कार्यादेश तोकिएको प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो। राष्ट्रिय जनगणना, २०७८ अनुसार जनसङ्ख्याका आधारमा प्रतिशत निर्धारण गर्ने आयोगको तयारी छ।

आयोगले त्यसका लागि गृहमन्त्री ओमप्रकाश अर्यालको अध्यक्षतामा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारी, मुख्यसचिव सुमनराज अर्याल, निर्वाचन आयुक्त डा जानकी तुलाधरसहितका आयोगका पदाधिकारी, गृहसचिव रामेश्वर दङ्गाल, प्रमुख तथ्याङ्क अधिकृत मधुसुदन बुर्लाकोटीबीच छलफल भएको आयोगका प्रवक्ता भट्टराईले जानकारी दिनुभयो।




## नेशनल जियोग्राफिकमा 'मिथिला थाली' फिचर:

# सेफ सन्तोष साहको परिकारलाई अन्तर्राष्ट्रिय प्रशंसा



नेशनल जियोग्राफीले सेफ सन्तोष साहले प्रस्तुत गरेको 'मिथिला थाली'लाई आफ्नो म्यागजिनमा विशेष रूपमा फिचर गरेको छ। नेपाली सेफका रूपमा अन्तर्राष्ट्रिय चर्चा कमाएका साहको मिथिला थाली अहिले विश्वभर ध्यान आकृष्ट गरिरहेका परिकारमध्ये एक बनेको छ।

नेशनल जियोग्राफिकको रिपोर्टअनुसार 'मिथिला थाली'मा दैनिक ५०० भन्दा बढी ग्राहकले सेवाग्र[illegible] गरिरहेका छन्। स्थानीय सामग्री, घरेलु स्वाद र परम्परागत पाक-विधिलाई आधुनिक शैलीसँग संयोजन गरी प्रस्तुत गरिएको यो थाली नेपाली खानाको बढ्दो अन्तर्राष्ट्रिय लोकप्रियताको प्रतीक भएको उल्लेख गरिएको छ।

अन्तर्राष्ट्रिय म्यागजिनमा आफ्ना परिकार तथा जन्मथलो जनकपुरको प्रशंसा भएको प्रसंगमा सेफ सन्तोषले खुसी व्यक्त गरेका छन्। "आफ्नै ठाउँ र स्थानीय खानालाई विश्वले मान्यता दिँदा गर्व लाग्छ। अझ राम्रो बनाउन निरन्तर परिश्रम गर्दै अघि बढ्नेछु," सन्तोषले भने।

म्यागजिनमा जनकपुरलाई धार्मिक, सांस्कृतिक र समृद्ध पाक-परम्पराको शहरका रूपमा वर्णन गरिएको छ। जानकी मन्दिरको भव्यता, कलाकारिता र तीर्थयात्रीको भीडबाट जनकपुरको सांस्कृतिक धनीपन झल्किने भन्दै लेखमा प्रशंसा गरिएको छ। साथै मिथिला भोजनलाई दक्षिण एसियाकै उत्कृष्ट स्थानीय परिकारमध्ये एकका रूपमा प्रस्तुत गरिएको छ।

यसअघि पनि लोन्ली प्लानेटले जनकपुरधामलाई सांस्कृतिक, धार्मिक र खाद्य पर्यटनका लागि उदीयमान गन्तव्यको रूपमा सूचीकृत गरिसकेको थियो।

सन्तोष साहले जनकपुरमा मात्रै होइन, 'मिथिला थाली बाइ सन्तोष शाह' ब्रान्डमार्फत ललितपुर झम्सिखेल, काठमाडौं नक्साल र गौशालामा समेत सेवा विस्तार गरेका छन्। साथै जनकपुरको माछाको स्वाद काठमाडौंमा प्रस्तुत गर्न 'जनकपुर फिस हाउस' नक्सालमा सञ्चालनमा छ।

उनका अनुसार केही महिनाभित्रै वीरगञ्जमा पनि मिथिला थालीको नयाँ शाखा खोल्ने तयारी भइरहेको छ।

शीत लहर तथा चिसोबाट हुने क्षती न्यूनीकरण सम्बन्धी सचेतनात्मक सन्देश !!!

- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं,
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं,
- घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं,
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गर्ने र घर भित्र राति सुत्दा शरीरका साथै अनि(वार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं,
- शीतलहर चलेको समयमा शीत नपर्ने सुरक्षित ठाउँमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाऔं,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो र झोलिलो खानेकुराहरु खाने,





- बालबालिका, वृद्ध–वृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने,
- शीत लहर चलेको बेलामा पाल्तु पशुपंक्षीहरुलाई सकेसम्म खुला स्थानमा चराउन नलैजाने, घर टहरामै राखेर पर्याप्त घाँस पराल र दाना दिने,
- चिसोका कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य संस्थामा तुरुन्त उपचारको लागि जाने,
- चिसोका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने,
- कोठा भित्र आगो, मकल, हिटर लगाएतबाट तातो पार्दा पर्याप्त भेन्टिलेशन (हावा आवगतजावत) को व्यवस्था मिलाउने,
- शीत लहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतीलाई न्यून गर्न सेड, छाप्रो, छानो, प्लाष्टिक लगाएतका संरचनाद्वारा सुरक्षित गर्ने।

गौशाला नगरपालिका, महोत्तरी
मधेश प्रदेश, नेपाल

# सुरक्षित निर्वाचन गराउनका लागि सशस्त्र प्रहरी बलद्वारा परिचालन नीति तर्जुमा

● टक नेपाल

सशस्त्र प्रहरी बलले पारदर्शी, निष्पक्ष र भयर हित वातावरणमा निर्वाचन गराउन परिचालन नीति तर्जुमा गरेको छ।

शुक्रबार काठमाडौंमा पत्रकार सम्मेलन गदै सशस्त्र प्रहरी बलले प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ सुरक्षा कार्यमा सशस्त्र प्रहरी बल नेपालको परिचालन नीति तर्जुमा गरि एको जनाएको हो।

सवै निर्वाचन क्षेत्रहरुमा तोकिएको जिम्मे वारीमा परिचालन गरिने, निर्वाचन सुर क्षार्थ सुरक्षाको दोश्रो घेरामा रहि अन्य सुर क्षानिकायसंग समन्वयात्मक रुपमा परि चालन गर्ने, निर्वाचन सुरक्षा अनुशिक्षण तालिम सम्बन्धी पाठ्यक्रम तयार गरि निर्वाचनमा खटिनुपूर्व सम्पूर्ण सशस्त्र प्रहरी कर्मचारीलाई निर्वाचन सुरक्षा अनुशिक्षण



तालिम दिने लगाएत नीतिमा उल्लेख छ।

त्यस्तै निर्वाचन आचारसंहिता पालना गराउने तर्फ सहयोगी भूमिका निर्वाह गर्ने, निर्वाचन क्षेत्रसहितको प्रदेशगत साथै जिल्लागत नक्सा तयार गरि निर्वाचन सुरक्षामा महत्वपूर्ण स्थानहरु अंकीत गरि प्रभावबारी रुपमा परि चालन गर्नेसहितका नीति तर्जुमा गरिएको सशस्त्र प्रहरी बलका सूचना अधिकारी एवं प्रवक्ता डीआईजी मनिष थापाले जानकारी दिनुभयो।

उहाले निर्वाचनको एकमहिनाअघिदेखि नै आवश्यक बन्दोवस्तीका सामग्री तथा सवारी साधनसहित खटिने बताउनुभयो।

त्यस्तैगरि क्युआरटीमा रहेको जनशक्तिलाई निर्वाचनको एकदिन अघिदेखि निर्वाचनको एकदिनपछिसम्म हातहतियार तथा अन्य आवश्यक साधनाका साथ युनिटको जिम्मे वारी क्षेत्रमा पर्ने रणनीतिक स्थानहरुमा सवारी साधनसहित परिचालन गर्ने सशस्त्र प्रहरीले जनाएको छ।

त्यस्तै पत्रकार सम्मेलनमा सशस्त्र प्रहरी बलले हालसम्म गरेको सीमा सुरक्षा, आन्तरिक सुर क्षा, राजस्व संकलनमा सहयोग र विपद् व्यवस्थापनमा गरेका कामका बारेमा समेत

## नुवाकोट-१ बाट चुनाव लड्छु : कांग्रेस प्रवक्ता महत



● टक नेपाल

नेपाली कांग्रेसका प्रवक्ता डा. प्रकाशशरण महतले नुवाकोट-१ बाट प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि उम्मे दवारी दिने बताएका छन्।

काठमाडौं-५ र नुवाकोट-१ का क्षेत्रीय कार्यसमितिले प्रत्यक्षतर्फको उम्मेदवारका लागि सिफारिस गर्ने निर्णय गरेपछि उनले गृहजिल्ला नुवाकोटबाट उम्मेदवारी दिने बताएका हुन्।

महाराजगञ्जमा शुक्रबार बिहान पत्रकारहरूसँगको छलफलका क्रममा प्रवक्ता महतले भने, 'नुवाकोट-१ बाट निर्वाचन लड्छु। क्षे त्रीय समितिले सर्वसम्मत एकल सिफारिस गरिसकेको छ। काठमाडौं-५ बाट पनि साथीहरूले सिफारिस गरि दिनुभएको छ।'

नुवाकोट-१ क्षेत्रीय कार्यसमितिले बिहीबार प्रवक्ता महतको नाम एकल सिफारिस गर्ने निर्णय गरेको थियो। तयसअघि उनको नाम काठमाडौं-५ बाट प्रत्यक्षतर्फ सिफारिस भएको थियो।

प्रवक्ता महतले फरक प्रसंगमा कुरा गर्दै पार्टीको आशन्न महाधिवेशनमा संस्थापन समूहबाट सभापतिमा आफ्नो दाबी रहे को पनि बताए।

'१५औं महाधिवेशनमा सभापतिमा मेरो दाबी रहन्छ। सभापतिज्यूसँग नजिक रहेर लामो समय काम गदै आएको छु,' प्रवक्ता महतले भने, 'उहाँसँग जोडिएका दे शभरका नेता-कार्यकर्तासँग मेरो अट्याचमेन्ट छ।'

उनले समूहबाट अन्य ने ताहरूको पनि सभापतिमा दाबी रहेकाले उम्मेदवार को बन्ने भन्नेबारे छलफल चलिरहेको पनि बताए। संस्थापन समूहबाट कार्यवाहक सभापति पूर्णबहादुर खड्कासहित अन्य छ जना पूर्वपदाधिकार ीहरू पनि सभापतिको आकांक्षी छन्।

खड्काबाहेकका आकांक्षी पूर्वपदाधिकारीहरू र प्रवक्ता महत एकसाथ छन्। 'सात भाइ' का नामले चिनिने समूहमा नेताहरू विमले न्द्र निधि, कृष्णप्रसाद सिटौ ला, विजयकुमार गच्छदार, डा. शशांक कोइराला, गो पालमान श्रेष्ठ र प्रकाशमान सिंह र प्रवक्ता महत छन्।

उनीहरू प्रायः सभापतिका आकांक्षी हुन्। प्रवक्ता महतले आंकाक्षीमध्ये कुनै एक जना उम्मेदवार हुने बताए। उनले आकांक्षीमध्ये एक जना उम्मेदवार बनाउनका लागि समूहमा अधिकतम प्रयास गरिने पनि बताए।

## शीतलनिवासमा ४ मन्त्रीको शपथ, हेर्नुस् तस्वीरहरू



नवनियुक्त चार जना मन्त्रीहरूले पद तथा गो पनियताको शपथ ग्रहण गरेका छन्। राष्ट्रपति कार्यालय शीतलनिवासमा आयोजित सभाका बीचमा राष्ट्रपति रामचन्द्र पौडेलले उनीहरूको शपथ ग्रहण गराएका हुन्।

प्रधानमन्त्री सुशीला कार्कीले गरेको सिफारिसका आधारमा राष्ट्रपति पौडेलले उनीहरूलाई आजै मन्त्री नियुक्त गरेका थिए। लगत्तै शपथग्रहण गराइएको हो। मन्त्री बन्नेहरूमा श्रद्धा श्रेष्ठ, माधव चौलागाईं, राजेन्द्रसिंह भण्डारी र कुमार इङ्नाम रहेका छन्।

राष्ट्रपति कार्यालयका अनुसार नवनियुक्त चार मन्त्रीहरूमध्ये श्रद्धालाई महिला तथा बालबालिका, चौलागाईं वन, भण्डारीलाई श्रम र इङ्नाम भूमि मन्त्रालयको जिम्मेवारी दिइएको छ।

Pan No. 121584733
DDA No. 3780432055942
9705446882, 9705446883
खुशी मेडिकल हल
बर्दिवास-२, महोत्तरी
औषधी पसल
यहाँ सबै प्रकारका औषधी सुपथ मूल्यमा पाउनुका साथै २४ घण्टा फार्मेसी तथा ल्याब सेवा उपलब्ध छ।

शीत लहर तथा चिसोबाट हुने क्षती न्यूनीकरण सम्बन्धी सचेतनात्मक सन्देश !!!

- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं,
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं,
- घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं,
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओड्ने प्रयोग गर्ने र घर भित्र राति सुत्दा शरीरका साथै अनि( वार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं,
- शीतलहर चलेको समयमा शीत नपर्ने सुरक्षित ठाउँमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउको लाई विशेष गरेर चिसोबाट जोगाऔं,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो र झोलिलो खानेकुराहरु खाने,





- बालबालिका, वृद्ध-वृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने,
- शीत लहर चलेको बेलामा पाल्तु पशुपंक्षीहरुलाई सकेसम्म खुला स्थानमा चराउन नलैजाने, घर टहरामै राखेर पर्याप्त घाँस पराल र दाना दिने,
- चिसोका कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य संस्थामा तुरुन्त उपचारको लागि जाने,
- चिसोका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने,
- कोठा भित्र आगो, मकल, हिटर लगाएतबाट तातो पार्दा पर्याप्त भेन्टिलेशन (हावा आवगतजावत) को व्यवस्था मिलाउने,
- शीत लहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतीलाई न्यून गर्न सेड, छाप्रो, छानो, प्लाष्टिक लगाएतका संर चनाद्वारा सुरक्षित गर्ने।

बर्दिवास नगरपालिका, महोत्तरी
मधेश प्रदेश, नेपाल

## मधेशमा सत्ता गठबन्धन बीचको बैठक निष्कर्षविहीन



टक नेपाल

मधेश प्रदेशमा सरकार विस्तारबारे छलफल गर्न बसेको सत्ता गठबन्धनको बैठक विना निष्कर्ष टुंगिएको छ।

सत्ता गठबन्धनको बैठक शुक्रबार बिहान ११ बजे मधेश भवनमा डाकिएको थियो।

मन्त्रालय भागबण्डा, सभामुख नियुक्ति लगायत प्रस्तावमा छलफल गर्ने तयारी स्वरूप बैठक डाकिएको थियो।

तर जनता समाजवादी पार्टी (जसपा) नेपालका संसदीय दलका नेता सरोजकुमार यादव बाहिर रहेका कारण बैठकले ठोस निर्णय नगरेको बैठकमा सहभागी एक नेताले जानकारी दिए।

बैठकमा सरकारमा सहभागिता र भागबण्डाबारे समान्य छलफल मात्र भएको ती नेताको भनाइ छ।

सातदलीय गठबन्धनको समर्थनमा गत १९ मंसिरमा मुख्यमन्त्री नियुक्त भएका नेपाली कांग्रेस संसदीय दलका नेता यादवले २१ मंसिरमा पद तथा गोपनियताको सपथ लिएका थिए।

उनले सोही दिन कांग्रेसबाट जंगीलाल राय, जनमतबाट संसदीय दलका नेता महेशप्रसाद यादव र नेकपा एकीकृत समाजवादीबाट कनिस पटेललाई मन्त्री नियुक्त गरेका थिए।

जनमतका महेशप्रसाद यादवलाई अर्थ मन्त्रालयको जिम्मेवारी दिइएको छ। तर सत्ता गठबन्धनबीच मन्त्रालय भागबण्डा नमिल्दा दुई मन्त्रीको जिम्मेवारी भने अहिलेसम्म पनि तोकिएको छैन।

## राप्रपाको निष्कर्ष– संवैधानिक राजसंस्था राष्ट्रिय सहमतिबाटै पुनर्स्थापित हुनुपर्छ




टक नेपाल

राष्ट्रिय प्रजातन्त्र पार्टीले राजसंस्था जनमत संग्रहबाट नभइ सबैको सहमतिबाटै पुनर्स्थापित हुनुपर्ने बताएको छ।

शुक्रबार सम्पन्न केन्द्रिय कार्यसमितिको बैठकका निर्णय सुनाउँदै अध्यक्ष राजेन्द्रप्रसाद लिङदेनले राप्रपा राजसंस्था जनमतसंग्रह वा कुनै रक्तपातको बाटोबाट हुनु नहुने बताएका हुन्। राजसंस्था पुनःस्थापनका लागि यदाकदा जनमत संग्रहको कुरा उठ्ने गरेको भन्दै राप्रपाको परिकल्पनाको राजसंस्था पूर्ण संवैधानिक राजसंस्था भएको पनि बताए।

'राजसंस्था पुनर्स्थापनका लागि यदाकदा उठ्ने गरेको जनमत संग्रहको सन्दर्भमा राप्रपा आफ्नो धारणा पुनः एक पटक स्पष्ट पार्न चाहन्छ। राप्रपाको परिकल्पना राजसंस्था पूर्ण संवैधानिक राजसंस्था हो र यो संस्थाको पुर्नस्थापना जनमतसंग्रह वा कुनै रक्तपातको बाटोबाट होइन, राष्ट्रिय सहमतिको बाटोबाट हुनुपर्दछ,' लिङ्देनले भने।

राजसंस्थाको पुनर्स्थापना जनमतसंग्रह वा कुनै रक्तपातको बाटोबाट हुनु नहुने उनले बताए। आफूहरूको परिकल्पनाको राजा राप्रपाको मात्र राजा नभइ देशको साझा संस्था हुने बताए।

'हाम्रो परिकल्पनाको राजा राप्रपाको मात्र राजा होइन, देशको साझा संस्था हुनेछ। यस्तो साझा संस्था अल्पमत वा बहुमतबाट स्थापित हुने होइन, सहमतिबाट हुनुपर्छ भन्ने राप्रपाको मान्यता छ। यस प्रकारका साझा संस्थाहरुलाई अल्पमत र बहुमतबाट निर्णय गर्न थालियो भने त्यसले झन जटिलता पैदा गर्ने खतरा रहन्छ र अल्पमतले सधैं बहुमत पैदा गर्ने प्रयास गरिरहन्छ। अस्थिरता र द्वन्द्वलाई त्यसले झनै बल प्रदान गर्दछ। राजसंस्था जनमत संग्रहबाट होइन, सहमतिबाटै पुनःस्थापित हुनुपर्दछ,' लिङ्देनले भने।

बैठकमा प्रस्तुत सचिवालय सम्बन्धित प्रतिवेदन, आर्थिक प्रतिवेदन, सक्रिय सदस्यता सम्बन्धी निर्देशिका, महाधिवेशन कार्यतालिका लगायत सबै प्रतिवेदनहरु संशोधनसहित कार्यसमितिले पारित गरेको छ।

आम निर्वाचन अगावै राजा, राजनीतिक दल र जेन-जीबीच नविन समझदारी कायम गरी मुलुकलाई निकास दिन जनदबाब सिर्जना गर्नका लागि पुस महिनामा देशभर जनसंवाद तथा जनप्रदर्शनका कार्यक्रम आयोजना गर्ने निर्णय गरेको अध्यक्ष लिङदेनले जानकारी दिए।

राजनीतिक समस्याको समाधान र जेन-जी पुस्ताले उठाएका मागहरुको सम्बोधन नगरी यथास्थितिमा गरिने निर्वाचनले मुलुकलाई निकास नदिने उनको भनाइ थियो।

विदेशमा रहेका नेपालीलाई विदेशबाटै र अन्तरजिल्ला मतदान गर्ने व्यवस्था मिलाउन आग्रह गरेको पनि उनले जानकारी गराए।

डिभिजन बन कार्यालयको अनुरोध

- रुख रोपौं, बन जोगाऔं।
- पानी मुहान, सिमसार, तालतलैयाको संरक्षण गरौं, जैविक विविधतालाई बचाइ राखौं।
- खाली जग्गाहरुमा वृक्षरोपण गरौं, जलवायु परिवर्तनको असर न्यूनिकरणमा योगदान गरौं।
- खोला किनारमा रुख रोपौं, नदीकटान बाढी रोकथाम गर्दै विपद् व्यवस्थापनमा सहयोग गरौं।
- आफ्नो टोल, गाउँ, नगर तथा सार्वजनिक स्थल सफा राखौं, प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षणमा योगदान पुऱ्याऔं।
- प्लाष्टिक झोलाको सट्टामा वैकल्पिक झोलाको प्रयोग गरौं, प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षणमा योगदान पुऱ्याऔं।
- आफ्नो टोल घर गाउँ वन जंगलमा वृक्षरोपणका लागि आवश्यक विरुवा लिनका लागि नजिकैको डिभिजन वन कार्यालय र सब डिभिजन वन कार्यालयमा सम्पर्क गरौं।

डिभिजन वन कार्यालय
महोत्तरी, जलेश्वर
फोन : ०४४ ५२०६५४

बिवाहको लागि भाडामा क्यामरा चाहिएमा....
9814237408

AR Photo
Studio-Bardibas
बर्दिबास नगरपालिका-१, ईलाका प्रशासन कार्यालयको छेउमा
हाम्रो सेवाहरू
● फ्लैक्स प्रिन्ट ● होर्डिङ्ग बोर्ड ● 2D बोर्ड ● 3Dबोर्ड
● भिजिटिङ्ग कार्ड ● टि-सर्ट प्रिन्ट ● स्टाम्प ● कप प्रिन्ट
छपाई सम्बन्धी सम्पूर्ण कामको लागि हामीलाई सम्झनुहोस।

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014